# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# तेस्रो वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०६६ भाद्र ३० गते, मंगलवार (१५ सेप्टेम्बर २००९)
स्थान : राष्ट्रिय सभा गृह, काठमाडौं
समय : विहान ११.०० बजे प्रारम्भ भई दिउँसो ३.०० बजे सम्पन्न भएको

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६६।५।३ को गोरखापत्र, कान्तिपुर र २०६६।५।५ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

क. साधारण प्रस्तावहरु

१. अध्यक्षज्यूको मन्तव्य तथा तेस्रो वार्षिक साधारण सभाको लागि संचालक समितिको वार्षिक प्रतिवेदन,
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६६ आषाढ मसान्तको वासलात र मिति २०६५।४।१ देखि २०६६।३।३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल र पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६६।६७ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

२. कम्पनीको चुक्ता पूँजीको १:१ का दरले हकप्रद शेयर जारी गर्ने ।

३. प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन एवम् थप गर्न स्वीकृति प्रदान गर्ने ।

**ग. विविध**

## ५. उपस्थिति

### ५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | श्री प्रदीपजंग पाण्डे | संचालक |
| ३. | श्री भोला विक्रम थापा | संचालक |
| ४. | श्री राजेन्द्र प्रसाद कायस्थ | संचालक |
| ५.. | श्री बालकृष्ण प्रसाई | व्यवसायीक संचालक |
| ६. | श्री मनोहर दास मूल | संचालक |

### ५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

### ५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ९०१

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : १,८३४

३. जम्मा उपस्थित संख्या : २,७३५

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६७,८४७ | २,७३५ | ५५.११८६ प्रतिशत |
| समूह "क" अर्न्तगत उप-समूह १,२,३,४,५ | ७० | ४६ | ५४.२ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ६७,७७७ | २,६८९ | ०.९१८६ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,००,००,००० | ५५,११,८६० | ५५.११८६ प्रतिशत |

## ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ९०१ भएको र कुल शेयरको ५५.११८६ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ११:०० बजे अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूको अध्यक्षतामा बैंकको तेस्रो वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६५।६६ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको रु. १२,९६६,०७३,९०८।०४ को दायित्व तथा जायजेथा भएको वासलात र रु. ८२,५४,५४,५५१।०२ आम्दानी, रु. ७२,९६,४४,६२४।५७ (आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व. २०६५।६६ को नाफा नोक्सान हिसाब तथा साधारण जगेडा कोष वापत रु.१९,१६१,९८५।२९ र सटही घटबढ कोष वापत रु. ४८२,०४७।८७ छुट्याई बांकी रहेको संचित मुनाफा तथा गत वर्षको संचित मुनाफा समेतबाट रु.१,००,०००,०००।०० लाभांस वितरण गरि बांकी रहेको संचित मुनाफा रु. ३,२४६,१६३.०३ वासलातमा सारिएको तथा अन्तिम नगद मौज्दात रु. १,६५,५३,५२,९९३।२१ भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०६५।६६ को प्रतिवेदन, २०६६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६५।६६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

### ९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. व्यास कुमार शर्मा
२. दिनेश राज पन्त
३. मेजर कुबेर श्रेष्ठ
४. दामोदर रेग्मी
५. राज्यलक्ष्मी महर्जन (शाक्य)
६. अशोक उप्रेती
७. डमरु वल्लभ घिमिरे
८. अमृत नाथ रेग्मी
९. अमीर दास रञ्जित
१०. राजेश शाक्य
११. शिव प्रसाद शर्मा
१२. रोज कुमार श्रेष्ठ
१३. राम मान श्रेष्ठ
१४. महेन्द्र बहादुर श्रेष्ठ

१५. राम लाल श्रेष्ठ
१६. इश्वर दास कर्माचार्य
१७. कृष्ण कश्यप अधिकारी
१८. सुधीर श्रेष्ठ
१९. लवराज जोशी
२०. नारायण सुन्दर श्रेष्ठ
२१. प्रभात कुमार पौडेल

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैकवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औल्याउनु भयो । बैकको हितका लागि आफ्नो तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । बैंकसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो । साथै बैंकिङ्ग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी वढाउदै लैजानु पर्दछ भन्ने कुरामा जोड दिनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको **मन्तव्यलाई** तल प्रस्तुत गरिएकोछ ।

**१. व्यास कुमार शर्मा**

**मन्तव्य :**

बैंकले यति छोटो समयमानै १० प्रतिशत लाभांश र १:१ हकप्रद शेयर प्रदान गरेको र प्रतिवेदन विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको कुरा स्वागत योग्य छ । कार्यकारी प्रमुखको सुबिधालाई विस्तृत रुपमा प्रस्तुत गरिएको र जोखिम व्यवस्थापनको तालिका समेत प्रस्तुत गरी वित्तीय विवरणहरु अन्य बैंकको तुलनामा फरक ढंगले प्रस्तुत गरिएको छ । व्यवसाय, निक्षेप तथा लगानी, दोब्बर ले बृद्धि भएको र  बैंकको वासलातको आकार ७८ प्रतिशत र खुद मुनाफामा ७५ प्रतिशत ले बृद्धि भएकोमा खुसी लागेको छ ।

**सुझावहरु :**

बैंकको यो Divided Policy Continue हुनुपर्छ, सञ्चालन खर्चमा कटौतीगर्नुपर्छ, Non Funded Business बढाउनु पर्छ, र संक्षिप्त विवरण समयमै उपलव्ध भएको भए राम्रो हुने थियो ।

**२. दिनेश राज पन्त**

**मन्तव्य :-**

बैंकले राम्रो गरेकोमा धन्यवाद दिनको लागि उपस्थित भएको छु । शेयरधनीहरुको उपस्थितबाट भरिएको हलले सिटिजन्स बैंकप्रतिको विश्वासलाई दर्शाउँछ । यस वर्षमा बार्षिक साधारण सभा गर्ने पहिलो बैंक बन्न सिटिजन्स बैंक सफल भएको र छोटो समयमानै १० प्रतिशत लाभांश बाँड्न सफल भएका कुराहरु स्वागत योग्य छन् ।

**ध्यानाकर्षण :**
लाभांश पुर्जा दशैं खर्चका लागि दिनुहुने आश छ । यसैगरी राम्ररी काम गर्नुहुन सुझाव दिन्छु र प्रवन्धपत्र संशोधन गरेर संचालक समितिको अधिकार राख्नुहुन सुझाव छ ।

**३. मेजर कुबेर श्रेष्ठ**

**मन्तव्य :**
शेयरधनीहरुले भरीएको हल, दशैंकालागि लाभांश, पारदर्शी वासलात, Basel II को Disclosure, बर्षकै पहिलो बार्षिक साधारण सभा तथा १:१ हकप्रद शेयर जस्ता कुराहरु स्वागत योग्य छन् । आगामी बर्षका लागि अहिले देखिनै तयारी गर्न सुझाब छ । गत बर्ष प्रति कर्मचारी खर्च ३ लाख र प्रति कर्मचारी आम्दानी २१ लाख छ फलस्वरुप प्रति कर्मचारी खर्चभन्दा ७ गुणा बढी आम्दानी भएको छ त्यसैले बैंकको भविष्य उज्वल देख्छु । हडबडाउनुपर्ने कुनै स्थिति छैन ।

**प्रश्नहरु :**
प्रतिवेदनको पेज नं ६ मा विश्वव्यपी आर्थिक मन्दीको कुरा उल्लेख गरिएको छ र सोही प्रतिवेदनमा २० प्रतिशत Real estate मा लगानी गरिएको कुरा उल्लेख गरिएको छ त्यसैले प्रश्न यो छ कि : How Safe are we? यदि सम्पत्तीको उचित मुल्यांकन नभै लगानी गरिएको भए Stop it right now.
प्रतिवेदनको पेज नं ७ अनुसार CSR का लागि धन्यबाद तर Jacket कति वटा र कुन Rate का उल्लेख भएको भए राम्रो हुन्थ्यो । सुरक्षा तर्फ ३७ लाख खर्च भएको छ तर सुरक्षाको guarantee छ कि छैन ? नत्र सुरक्षा खर्चमा कटौती गर्नुपर्‍यो ।

**सुझावहरु :**
Shareholder’s Wealth Scheme ल्याई सो अन्तर्गत बचतमा ब्याज बढि दिन र कर्जामा १ प्रतिशत कम ब्याज लिन सुझाव छ साथै १४ अञ्चल ७५ जिल्ला मा शाखा खोल्दा शेयरधनीहरुका बालबच्चा लाई रोजगार दिन सुझाव दिन्छु ।
Investor’s Voice Vs. Shareholder’s Voice
शेयरहोल्डरको Voice लाई कदर गर्नुहोला र शेयरको Price र market capitalization बढाउनु पर्‍यो । यस सुझाव लाई अर्को AGM मा उल्लेख गर्नुहोला । बैंकको १० बर्षे Vision बनाई कर्मचारीहरुलाई २ बर्षे Mission दिन सुझाव दिन्छु । कर्मचारी हरु Public Relation मा Well Trained हुनुपर्‍यो । र बैंकमा एउटा Library खोल्न सुझाव दिन्छु ।

**४. दामोदर रेग्मी**
उत्साहजनक सहभागिता, १० प्रतिशत लाभांश, AGM गर्ने प्रथम बैंक भएको जस्ता कुराहरु प्रशंसनीय छन् र यी गर्नै नसकिने काम भने होइनन् । Proper Auditor छाने यी कामहरु सजिला हुन्छन् र १ श्रावणमै Report तयार गर्न सकिन्छ । अब Next Auditor पनि Proper हुनुपदर्छ र Audited Software प्रयोग गरे Data परिवर्तन गर्नुपर्दैन । बढेको Bisiness मा Capital plan मा चित्त बुझेको छैन । २:१ हकप्रद शेयर दिएर बाँकि Bonus Share दिने अवस्थाको योजना भएको भए राम्रो हुने थियो । योजना कार्यान्वयन र नतिजामुलक Strategy दिनुपर्ने देखिन्छ ।

**५. राज्यलक्ष्मी महर्जन (शाक्य)**
भरीएको हलले खुसी लागेको छ । तर संचालक समितिमा एकजना पनि महिला नभएको मा दुःख लागेको छ । आगामी बर्षमा यहाँहरुले कमसेकम एउटा शाखा महीलाहरुले मात्र संचालन गर्ने गरी प्रकृया मिलाउनुहुन बिनम्र अनुरोध छ ।

**६. अशोक उप्रेती**
कम्पनी ऐनले यातायात खर्च दिनबाट बञ्चित नगरेकोले पैसा दिन सल्लाह दिन्छु ।

**७. डमरु वल्लभ घिमिरे**

यति छोटो समयमानै लाभांश दिन सकेकोमा जादुको छडि जस्तै लागेको छ । खुसी लागेर धन्यवाद दिन मात्र उपस्थित भएको छु ।

**८. अमृत नाथ रेग्मी**

Cash Dividend भन्दा Bonus Share दिएको भए राम्रो हुने थियो । बर्षकै AGM गर्ने पहिलो बैंक बन्न सकेकोमा खुसी लागेको छ । राष्ट्रिय अर्थतन्त्रको Report हो कि बैंकको हो द्विविधा भयो । वासलातमा लगानी र कर्जाको Ratio २५:७५ देखिन्छ त्यसैले लगानी बढाउनुपर्ने मेरो सुझाव छ । P/L Account मा आम्दानीको तुलनामा Staff Expenses र Overhead Expenses बढी देखिन्छ यसलाई २०-२५ प्रतिशतमा ल्याउनुपर्दछ । Deposit Mix मा Current Account बढाउनुपर्ने देखिन्छ । Unsubscribed Share लाई के गर्ने ?यदि नियमावलीमा व्यवस्था छ भने ठिकै छ नत्र यसैलाई प्रस्ताव मानी निर्णय गर्न अनुरोध गर्दछु ।

**९. अमीर दास रञ्जित**

१० प्रतिशत लाभांश र १:१ हकप्रद शेयर प्रशंसनीय छ । Dividend Strategy बनाउनुपर्दछ । आगामी बर्ष लाभांश कति दिने हो ? बार्षिक प्रतिवेदनमा Proxy छुटेको छ, अरु कम्पनीको प्रतिवेदन हेर्नुहुन अनुरोध गर्दछु । Publicity कम भयो त्यसैले अझ बढी Publicity गर्नुपऱ्यो, Audit Report नेपालीमा हुनुपऱ्यो र Non–Interest bearing deposit बढाउनु पऱ्यो । Shareholder’s Account को व्यवस्था राम्रो छ तर त्यसमा Daily balance मा Interest दिनुपऱ्यो ।

**१०. राजेश शाक्य**

१० प्रतिशत लाभांश, १:१ हकप्रद शेयर र उत्साहजनक उपस्थिति जस्ता कुराहरु स्वागत योग्य छन् । बजार Regression को बेलामा Promoter share Conversion को Strategy कस्तो छ ? अध्यक्षको मन्तव्य र संचालक समितिको प्रतिवेदन छुट्टाछुट्टै कुरा हुन् । Macro Economic Analysis अलि बढि भयो । प्रतिवेदनमा २०१० पछि WTO को बारे चर्चा गर्नुपर्थ्यो र सो सम्बन्धी Challenge को अभ्यास गर्नुपर्दछ । कम्तिमा आगामी ३ बर्ष सम्म पहिलो AGM गर्ने बैंक बनोस् ।

**११. शिव प्रसाद शर्मा**

राम्रो सहभागिता, पहिलो AGM, १० प्रतिशत लाभांश जस्ता कुराहरु स्वगतयोग्य छन् तर यो maintain हुन्छ कि हुन्न ? Operating expenses are to be met by other income. बार्षिक प्रतिवेदनमा Technical mistakes हरु छन् । शुद्धाशुद्धीकरण तर्फ ध्यान दिनुपऱ्यो । Remittance बढाउनुपऱ्यो ।

**१२. रोज कुमार श्रेष्ठ**

हुने बिरुवाको चिल्लो पात भनेझैं शुरुवातमै AGM गर्ने पहिलो बैंक र पहिलो बर्षमै १० प्रतिशत लाभांश दिन सफल भएको छ । बार्षिक प्रतिवेदनको पेज नं ७ मा Expert Review हेर्दा Profit Making Institution कै expert ले हेरेको भए राम्रो हुन्थ्यो । बार्षिक प्रतिवेदन more transparent छ, केही clerical mistakes हरु छन् ।

**१३. राम मान श्रेष्ठ**

प्रवेश पत्र बार्षिक प्रतिवेदनमै राख्नुपर्थ्यो । शेयरधनीहरुको लागि हाजिरी १२ बजे बन्द गर्न भएन । Presence till Election का लागि request गर्दछु । Chairman’s Address, date and other Directors sign is required in Annual Report. लेखापरीक्षण समितिको अध्यक्ष नभई संयोजक हुन्छ । लेखापरीक्षकको पारिश्रमिक कति र कस्ले nominate गर्ने हो नाम भएको भए बेस हुन्थ्यो ।

**१४. महेन्द्र बहादुर श्रेष्ठ**

आगामी बर्षका लागि Plan for Dividend छ कि छैन ? Board ले Clarify गर्नुपर्‍यो । Shareholder's Account मा daily balance मा interest हुनुपर्‍यो र Bank बाटै यातायात renew गर्ने व्यवस्था तथा मालपोत को बिल तिरिदिने व्यवस्था भए जाति हुन्थ्यो ।

**१५. राम लाल श्रेष्ठ**

Chairman को Alternate ले पनि यस्तै काम गरोस् । Proxy फारम कुनैमा छ कुनैमा छैन, प्रेसको गल्ती देखिन्छ ।

**१६. इश्वर दास कर्माचार्य**

Annual Report मा National Figure धेरै छन् । Promoter को Image संग गाँसिएको देखिन्छ, Bank को छुट्टै Image हुनुपर्छ । वासलात समयमा नपाउँदा विश्लेषण गर्न पाईएन ।

**१७. कृष्ण कश्यप अधिकारी**

पुस्तक पाउन गाह्रो भयो । बैंकको प्रचार USA मा गर्नुपर्दछ । अध्यक्षज्यूले राम्रो Successor नियुक्त गरेर जानुपर्दछ । Technical mistakes भएका छन् ।

**१८. सुधीर श्रेष्ठ**

बार्षिक प्रतिवेदनमा Graphic chart use भएको छैन । सभामा भाग लिन आउंदा Share Certificate compulsory अरु बैंकमा हुँदैन । शेयरधनी Number को आधारमा सभामा भाग लिन पाउने व्यवस्था गर्नुहुन अनुरोध गर्दछु । SMS Banking को सेवा बारे जानकारी दिनुहुन अनुरोध छ । ATM कार्डमा नामको व्यवस्था भए राम्रो हुन्थ्यो । Students Mobilization हुँदा ID दिए राम्रो हुन्थ्यो ।

**१९. लवराज जोशी**

Staff Motivation गर्नुपर्दछ । Cash Dividend भोलीबाट दिए राम्रो हुन्छ । 2010 पछि WTO को आगमन प्रति ध्यानाकर्षण हुनुपर्‍यो । Staff हरु Skilled हुनुपर्‍यो ।

**२०. नारायण सुन्दर श्रेष्ठ**

१० प्रतिशत लाभांश स्वगतयोग्य छ । आगामी २ बर्षको Strategy के छ? लेखापरीक्षकको नियुक्तिमा CA हरु महँगा देखिन्छन् । निर्वाचन र सभाको लागि छुट्टाछुट्टै हाजिरी हुनुपर्थ्यो, हाजिरीमा Objection छ, भविष्यमा सोच्नुपर्ने देखिन्छ । Shareholder's Protest is to be registered by Election Officer. कम्पनी ऐनमा लेखापरीक्षकहरु भन्ने शव्द रहेकोले लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्तिकोलागि साधारण सभामा सिफारिस गर्दा एक भन्दा बढी लेखापरीक्षकको नाम सिफारिस गर्न पर्‍यो ।

**२१. निवेदकः प्रभात कुमार पौडेल**

यस बैंकको उत्तरोत्तर प्रगतिको कामनाका साथै "खामबन्दी डिपोजिट योजना" ल्याउन सके बैंकको डिपोजिट का साथै सदस्यहरु अझ बढाउन सकिन्थ्यो कि ? जस अन्तर्गत ग्राहकले ATM Machine बाटै रकम जम्मा गर्न र झिक्न सक्छन् जसले गर्दा ग्राहकको पर्याप्त समय बचत हुनुका साथै बैंकको गरिमा पनि बृद्धि हुन्छ ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ

बैंकका अध्यक्षज्यूले बैंक Public मा गए पछिको यो पहिलो बार्षिक साधारण सभा भएको व्यहोरा जानकारी गराउँदै बार्षिक प्रतिवेदनमा भएमा त्रुटिहरु देखाउनुभएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै सुझावहरु स्वीकार्य भएको र उक्त सुझावहरु लाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु नदोहोरीने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै अध्यक्षज्यूले

भाद्र ३१ गते बाटै लाभांश वितरण गरिने पनि जानकारी गराउनु भयो । वहाँले आगामी बर्षहरुमा अझै राम्रो Performance गर्दै लाभांश consistent हुने कुरामा शेयरधनीहरुलाई विश्वस्त हुन आग्रह गर्नुभयो । साथै बैंकको आगामी रणनीतिको बारेमा आगामी दिनहरुमा फेरी शेयरधनी महानुभावहरुसंग छलफल गरिने व्यहोरा जानकारी गराउनुभयो ।

वक्ताहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने, आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नुपर्ने जस्ता सुझावहरुलाई मनन गर्ने बताउनु भयो । शेयरधनी महानुभावहरुले उठाउनु भएको २:१ को हकप्रद शेयर र बांकी Bonus Share जारी गर्नुपर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यस बैंकको चुक्ता पूँजी २०६७ साल आषाढ मसान्त भित्र २ अर्ब पुऱ्याउनुपर्ने भएकोले १:१ हकप्रद शेयर जारी गर्न लागिएको व्यहोरा प्रष्ट पार्नुभयो ।

साथै Real State मा प्रवाह गरिएको कर्जाका सम्बन्धमा प्रष्ट पार्दै वहाँले बैंकको कर्जाको गुणस्तर उच्च स्तरका भएकोले शेयरधनी महानुभावहरुलाई निश्चिन्त हुन आग्रह गर्नुभयो । साथै वहाँले उक्त क्षेत्रमा प्रवाह गरिएका तथा कर्जा हरुलाई सञ्चालक समिति तथा कर्जा समितिले नियमित अनुगमन गरिरहेकोले चिन्ता लिनुपर्ने कुनै स्थिति नभएको व्यहोरा जानकारी गराउनु भयो ।
Non-profit organization को प्रतिनिधी मार्फत बैंकको policy review गराइएको सम्बन्धमा जर्मनीको Senior Expert Service (SES) संस्था लामो समयसम्म अन्तराष्ट्रिय Banking क्षेत्रमा काम गरेका व्यक्तिहरुको संस्था भएकोले उक्त संस्थाका प्रतिनिधीहरुबाट Credit policy review गराईएको व्यहोरा जानकारी गराउनुभयो ।

अन्त्यमा, अध्यक्षज्यूले यस बैंक मुलुकको एउटा असल बैंकको रुपमा स्थापित हुने कुरामा शेयरधनीहरुलाई विश्वस्त पार्न चाहनुभयो ।

## १३. सभाको निर्णय

(क) **छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ**
**(क) साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा तेस्रो वार्षिक साधारण सभाको लागि संचालक समितिको वार्षिक प्रतिवेदन ।**

सभामा प्रस्तुत आ.व. २०६५।६६ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६६ आषाढ मसान्तको वासलात र मिति २०६५।४।१ देखि २०६६।३।३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु माथि छलफल र पारित गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५।६६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित

गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६६/६७ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०६६।६७ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समीतीले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री एस आर पाण्डे एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,००,०००।- (अक्षरेपी रु. दुई लाख मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय गऱ्यो ।

**४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**५. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने ।**

सर्वसाधारण शेयरधनीहरुको समूह "ख" बाट संचालक समितिमा प्रतिनिधित्व गर्न दुई जना संचालकका लागी भएको निर्वाचनमा पाँच जनाको उम्मेदवारी परेकोमा निर्वाचन कार्यक्रमको अन्तिम चरणमा तीन जना उम्मेदवारले आफ्नो नाम उम्मेदवारीवाट फिर्ता लिनु भएकाले दुई जना उम्मेदवार मात्र बाँकी रहनु भएको हुँदा श्री श्री प्रकाश चन्द्र मैनाली र अनिन राजभण्डारी निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृतले सभालाई जानकारी गराउनुभयो ।

**(ख) विशेष प्रस्ताव**

**१. जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

यस बैंकको पूँजीको संरचनामा कूल जारी पूँजी रु.एक अरब र चुक्ता पूँजी रु. सत्तरी करोड रहेकोमा उक्त चुक्ता पूँजीलाई बृद्धि गरि बैंकको कूल जारी पूँजी रु. दुई अरब र चुक्ता पूँजी रु. दुई अरब पुऱ्याउने प्रस्तावलाई स्वीकृत गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो ।

**२. कम्पनीको चुक्ता पूँजीको १:१ का दरले हकप्रद शेयर जारी गर्ने ।**

बैंकको चुक्ता पँजीको १:१ का दरले हकप्रद शेयर जारी गर्ने प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो ।

**३. प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक संसोधन एवम् थप गर्न स्वीकृति प्रदान गर्ने ।**

नेपाल राष्ट्र बैंकले सुझाव गरे अनुसार बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन हुन सभापतिज्यूले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले देहाय बमोजिम सर्वसम्मतिबाट विशेष प्रस्ताव पारित गऱ्यो :

**प्रबन्धपत्र तर्फ**

**५. बैंकको पूँजीको संरचना :**

(ख) बैंकको जारी पूंजी रू. २,००,००,००,०००।- (अक्षरेपी रु. दुई अरब मात्र) हुनेछ । सो पूजी लाइ रु. १००।- का दरले २,००,००,००० (दुई करोड थान ) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.२,००,००,००,०००।- (अक्षरेपी रु. दुई अरब मात्र) हुनेछ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी न्यूनतम रु. २,००,००,००,०००।- (अक्षरेपी रु. दुई अरब मात्र) हुनेछ ।

**७. शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज:**

(ज) बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको १ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने र १ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने छ ।

**(ग) विविध**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा तेस्रो वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै सांझ ३.०० बजे सभा विसर्जन गर्नुभयो ।

------------

**गणेश राज पोखरेल**
कम्पनी सचिव

---------------

**डा. शंकर प्रसाद शर्मा**
अध्यक्ष/सभापति